Progressive Finance Limited

## प्रोग्रेशिभ फाइनान्स लिमिटेडको

२९औं वार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

### १. सभाको वैधानिकता :

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको २९औं वार्षिक साधारण सभा यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०८ गते बसेको सञ्चालक समितिको ५५०औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मी प्रसाद महर्जनको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

### २. सभाको मिति, स्थान र समय :

मिति : २०८२ साल पौष ३० गते, बुधबार (तदनुसार जनवरी १३, २०२५)

समय : बिहान ११:०० बजे ।

स्थान : ज्यापू प्रज्ञा भवन, भोलगणेश, ललितपुर म.न.पा वडा नं. ९, ललितपुर ।

### ३. सभाको सूचना :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार २९औं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण निम्नानुसार खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुलाई मिति २०८२/०९/०९ न्यूज २४ र मिति २०८२/०९/२३ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । साथै, साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध मिलाइएको थियो ।

### ४. छलफलका विषयहरु :

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. ०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, यससँग सम्बन्धित अनुसूची लगायत लेखा सम्बन्धी टिप्पणी आदि विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

**(ख) विशेष प्रस्तावहरु :**

१. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध**

५. उपस्थिति :

(१) सञ्चालक समितिका सदस्यहरु जम्मा ७ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा २४० जना
(साधारण शेयरधनी: १७४ तथा संस्थापक शेयरधनी: ६६ जना)

(३) प्रोक्सी मार्फत उपस्थिति ९२ जना गरी जम्मा उपस्थिति संख्या ३३२ जना ।

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

१. अध्यक्ष श्री लक्ष्मी प्रसाद महर्जन
२. सञ्चालक श्री शम्भुलाल डंगोल
३. सञ्चालक श्री सविना महर्जन
४. सञ्चालक श्री राजभाई डंगोल
५. सञ्चालक श्री प्रज्वल कुमार दाहाल
६. सञ्चालक श्री अनिश महर्जन
७. स्वतन्त्र सञ्चालक श्री अल्का जोशी

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री अनिल श्रेष्ठ | - प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रमोद भट्टराई | - मुख्य प्रबन्धक |
| ३. श्री रुविश श्रेष्ठ | - मुख्य प्रबन्धक/कम्पनी सचिव |
| ४. श्री मन्दीप महर्जन | - मुख्य प्रबन्धक |
| ५. श्री सरित खतिवडा | - प्रबन्धक |
| ६. श्री राजीव रत्न शाक्य | - का.मु. प्रबन्धक |
| ७. श्री केशव भण्डारी | - प्रतिनिधि, रन्जिव एण्ड एशोसिएट्स, बाह्य लेखापरीक्षक |

**५.३. नियमनकारी निकायबाट भएको उपस्थिति: नभएको**

**उपस्थिति विवरण**

| विवरण | उपस्थिति | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरु | २४० जना (७ जना सञ्चालक समेत) स्वयं | |
| | प्रोक्सी ९२ जनाको | ५१.५९ प्रतिशत |
| शेयर संख्या | प्रतिनिधित्व भएको जम्मा शेयर संख्या: ४३,७६,१९१ | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको २९औं बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ८४ लाख ८१ हजार ६० कित्ता शेयरको ५१.५९ प्रतिशत प्रतिनिधित्व हुनेगरी जम्मा २४० जना शेयरधनीहरुको स्वयं र ९२ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा सञ्चालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।



Progressive Finance Ltd. 2051

Progressive Finance Limited

## ७. सभा सञ्चालनको लागि बैधानिकताको एकिन :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको २९औं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २४० रहेको र निजहरुले प्रतिनिधित्व गरेको कुल शेयर संख्याको ५१.५९ प्रतिशत भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा सञ्चालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाध्यक्षको अनुमतिले २९औं बार्षिक साधारण सभाको कामकारवाही सञ्चालन गराउनुभयो ।

७.२. यस कम्पनीको नियमावली को नियम १९ (१) मा भएको व्यवस्था बमोजिम बिहान ११:०० बजे अध्यक्ष श्री लक्ष्मी प्रसाद महर्जनको अध्यक्षतामा वित्तीय संस्थाको २९औं बार्षिक साधारण सभा शुरु भयो ।

## ८. बार्षिक साधारण सभाको प्रस्तुति :

१. सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो ।

२. अध्यक्षज्यूले आफ्नो मन्तव्य दिनुहुँदै सञ्चालक समितिका तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. अध्यक्षज्यूले आ.व. २०८१/८२को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनूसूचीहरु समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

## ९. छलफलका लागि आह्वान :

९.१. वित्तीय संस्थाको आ.व. २०८१/८२ को प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको बिवरण सहित) तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भएपश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञसा एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव प्रस्तुत गर्नुहुने शेयरधनी महानुभावहरु :

१. श्री नरसिंह लाल चखुँ
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री निरुपमा गुप्ता
४. श्री सन्तमान महर्जन
५. श्री रविन्द्र महर्जन
६. श्री उत्सव श्रेष्ठ
७. श्री चन्द्रनारायण श्रेष्ठ
८. श्री महेन्द्र बहादुर श्रेष्ठ

Progressive Finance Ltd. 2051

Progressive Finance Limited

## १०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :

१. श्री नरसिंह लाल चखुँ

वित्तीय विवरण हेर्दा क्रमशः सुधार भइरहेको पाइएको छ । संस्थामा जोखिम व्यवस्थापन प्रणाली, सुशासनको अवस्था, जोखिम नियन्त्रण, ग्राहक सम्बन्ध, प्रविधि संरचना जस्ता पक्षहरुमा सुधार देखिएको भएपनि Political and event riskका क्षेत्रमा भने पर्याप्त ध्यान नपुगेको जस्तो देखिन्छ । शाखाहरुलाई मुनाफामूलक बनाउन प्रति कर्मचारी व्यवसायिक आम्दानीमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ । कर्जा असुलीका निम्ति असुली टीमलाई अझ सक्रिय र सशक्त बनाउनुपर्ने ।

२. श्री उद्धव प्रसाद घिमिरे

संस्थाको २९औं बार्षिक साधारणमा राखिएका एजेण्डाहरु प्रति मेरो पूर्ण समर्थन रहेको छ । संस्थाका कारोबारहरुलाई अझ प्रविधिमैत्री बनाउनेतर्फ ध्यान आकृष्ट गराउँछु । खराब कर्जा न्यूनिकरण हुँदै गएको देखिएको छ । संस्थागत सुशासनमा शुन्य सहनशीलता आवश्यक रहेको छ । नेपालको वित्तीय क्षेत्रमा जोखिम बढ्दै गएकोले संस्थाले सानो लगानीलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

३. श्री निरुपमा गुप्ता

साना र मध्यम व्यवसायहरुलाई प्राथमिकता दिई सरल र सुलभ कर्जा सेवा उपलब्ध गराउनुपर्ने देखिन्छ । खराब कर्जा न्यूनिकरणका निम्ति कडा अनुगमन प्रणाली आवश्यक देखिन्छ । खर्चमा मितव्ययिता अपनाउन आवश्यक देखिएको छ । बढ्दो ब्याजदर र कर्जा जोखिम व्यवस्थापनका लागि कम्पनीले के कस्ता रणनिति अपनाएको छ ? डिजीटल सेवा विस्तारले ग्राहक संख्या र लागत नियन्त्रणमा कस्तो प्रभाव पारेको छ ? संस्थालाई आजको अवस्थासम्म ल्याउन काम गर्ने कर्मचारीहरु प्रति आभार तथा साधारण सभाका सम्पूर्ण प्रस्तावहरुमा मेरो पूर्ण समर्थन छ ।

४. श्री सन्तमान महर्जन

हाल देशको वित्तीय क्षेत्रमा देखिएको विषम परिस्थिति तथा सहकारी संस्थाहरुमा देखापरेका समस्याहरुका बावजूद यस संस्थाले राम्रो प्रगति हासिल गरेकोमा सञ्चालक समिति तथा व्यवस्थापनप्रति आभार व्यक्त गर्दछु । अब चाँडै नै प्रतिफल दिनेतर्फ उन्मुख हुन अनुरोध गर्दछु । यसका निम्ति हामी शेयरधनीहरुबाट हुनसक्ने सहयोगका लागि सदा तत्पर रहनेछौं ।

५. श्री रविन्द्र महर्जन

निष्कृय कर्जा न्यूनिकरणका निम्ति असुली व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । कर्मचारीहरुलाई समय सुहाउँदो तालिममा सहभागी गराउनुपर्छ । संस्था प्रगति उन्मुख रहेको हुँदा छिटै लाभांश वितरण गर्नसक्ने अवस्थामा पुगोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

६. श्री उत्सव श्रेष्ठ

लगानीकर्ताहरुलाई प्रतिफल दिनसक्ने अवस्था कहिले हुन्छ ? संस्थामा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कृयाकलापहरु एकै क्षेत्रमा एकाग्रता देखिएको हुँदा यसलाई क्षेत्रगत रुपमा सञ्चालन गर्न आवश्यक रहेको । सूचना प्रविधिको लगानीले भविष्यमा व्यवसायिक वृद्धिलाई सघाउने भएकोले यसतर्फ ध्यानाकर्षण गराउँछु । पौष मसान्तभित्रै साधारण सभा सम्पन्न भएकोमा धन्यवाद व्यक्त गर्दै आउँदा दिनहरुमा संस्थाको प्रगति र उन्नतिको कामना गर्दछु ।

७. श्री चन्द्रनारायण श्रेष्ठ

संस्थाले समयमै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिन चाहन्छु । कम्पनी नोक्सानीबाट नाफाको अवस्थामा गएकोमा बधाई छ । हालको अवस्थामा कर्जाको मागमा वृद्धि नभएकोले व्यवसाय विस्तारको के कस्तो योजना छ ? मुनाफाबाट कहिलेसम्ममा लाभांश वितरण गर्ने हो जानकारी गराइदिनुहोला ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेसिभ फाइनान्स लिमिटेड

## १०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :

१. श्री नरसिंह लाल चखुँ

वित्तीय विवरण हेर्दा कमशः सुधार भइरहेको पाइएको छ । संस्थामा जोखिम व्यवस्थापन प्रणाली, सुशासनको अवस्था, जोखिम नियन्त्रण, ग्राहक सम्बन्ध, प्रविधि संरचना जस्ता पक्षहरुमा सुधार देखिएको भएपनि Political and event riskका क्षेत्रमा भने पर्याप्त ध्यान नपुगेको जस्तो देखिन्छ । शाखाहरुलाई मुनाफामूलक बनाउन प्रति कर्मचारी व्यवसायिक आम्दानीमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ । कर्जा असुलीका निम्ति असुली टीमलाई अझ सक्रिय र सशक्त बनाउनुपर्ने ।

२. श्री उद्धव प्रसाद घिमिरे

संस्थाको २९औं बार्षिक साधारणमा राखिएका एजेण्डाहरु प्रति मेरो पूर्ण समर्थन रहेको छ । संस्थाका कारोबारहरुलाई अझ प्रविधिमैत्री बनाउनेतर्फ ध्यान आकृष्ट गराउँछु । खराब कर्जा न्यूनिकरण हुँदै गएको देखिएको छ । संस्थागत सुशासनमा शुन्य सहनशीलता आवश्यक रहेको छ । नेपालको वित्तीय क्षेत्रमा जोखिम बढदै गएकोले संस्थाले सानो लगानीलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

३. श्री निरुपमा गुप्ता

साना र मध्यम व्यवसायहरुलाई प्राथमिकता दिई सरल र सुलभ कर्जा सेवा उपलब्ध गराउनुपर्ने देखिन्छ । खराब कर्जा न्यूनिकरणका निम्ति कडा अनुगमन प्रणाली आवश्यक देखिन्छ । खर्चमा मितव्ययिता अपनाउन आवश्यक देखिएको छ । बढ्दो ब्याजदर र कर्जा जोखिम व्यवस्थापनका लागि कम्पनीले के कस्ता रणनिति अपनाएको छ ? डिजीटल सेवा विस्तारले ग्राहक संख्या र लागत नियन्त्रणमा कस्तो प्रभाव पारेको छ ? संस्थालाई आजको अवस्थासम्म ल्याउन काम गर्ने कर्मचारीहरु प्रति आभार तथा साधारण सभाका सम्पूर्ण प्रस्तावहरुमा मेरो पूर्ण समर्थन छ ।

४. श्री सन्तमान महर्जन

हाल देशको वित्तीय क्षेत्रमा देखिएको विषम परिस्थिति तथा सहकारी संस्थाहरुमा देखापरेका समस्याहरुका बावजूद यस संस्थाले राम्रो प्रगति हासिल गरेकोमा सञ्चालक समिति तथा व्यवस्थापनप्रति आभार व्यक्त गर्दछु । अब चाँडै नै प्रतिफल दिनेतर्फ उन्मुख हुन अनुरोध गर्दछु । यसका निम्ति हामी शेयरधनीहरुबाट हुनसक्ने सहयोगका लागि सदा तत्पर रहनेछौं ।

५. श्री रविन्द्र महर्जन

निष्कृय कर्जा न्यूनिकरणका निम्ति असुली व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । कर्मचारीहरुलाई समय सुहाउँदो तालिममा सहभागी गराउनुपर्छ । संस्था प्रगति उन्मुख रहेको हुँदा छिटै लाभांश वितरण गर्नसक्ने अवस्थामा पुगोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

६. श्री उत्सव श्रेष्ठ

लगानीकर्ताहरुलाई प्रतिफल दिनसक्ने अवस्था कहिले हुन्छ ? संस्थामा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कृयाकलापहरु एकै क्षेत्रमा एकाग्रता देखिएको हुँदा यसलाई क्षेत्रगत रुपमा सञ्चालन गर्न आवश्यक रहेको । सूचना प्रविधिको लगानीले भविष्यमा व्यवसायिक वृद्धिलाई सघाउने भएकोले यसतर्फ ध्यानाकर्षण गराउँछु । पौष मसान्तभित्रै साधारण सभा सम्पन्न भएकोमा धन्यवाद व्यक्त गर्दै आउँदा दिनहरुमा संस्थाको प्रगति र उन्नतिको कामना गर्दछु ।

७. श्री चन्द्रनारायण श्रेष्ठ

संस्थाले समयमै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिन चाहन्छु । कम्पनी नोक्सानीबाट नाफाको अवस्थामा गएकोमा बधाई छ । हालको अवस्थामा कर्जाको मागमा वृद्धि नभएकोले व्यवसाय विस्तारको के कस्तो योजना छ ? मुनाफाबाट कहिलेसम्ममा लाभांश वितरण गर्ने हो जानकारी गराइदिनुहोला ।



Progressive Finance Ltd.

८. श्री महेन्द्र बहादुर श्रेष्ठ

हाल कर्जा असुली ज्यादै चुनौतिपूर्ण रहेको हुँदा यसको व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउन आवश्यक रहेको छ । संस्थाको न्यूनतम पूँजीकोषमा दबाव देखिएको हुँदा व्यवसाय विस्तारका निम्ति पूँजी वृद्धिका के कस्ता योजनाहरु रहेका छन् जानकारी गराइदिनुहोला । लगानीको वातावरण नभएको हुँदा देशबाट पूँजी पलायन हुनसक्ने जोखिम देखिएको हुँदा यसतर्फ सचेत रहन आग्रह गर्दछु । व्यवस्थापनमा सुधार देखिएको छ ।

**११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूबाट जवाफ :**

यहाँहरुबाट प्राप्त सुझावहरुका निम्ति कृतज्ञता व्यक्त गर्दै यस्ता सुझावहरु यस संस्थाको प्रगतिका निम्ति ज्यादै महत्वपूर्ण रहेको जानकारी गराउँछौं । यहाँहरुको सद्भाव र संस्थाप्रतिको मायाका कारण हामी अझ उत्साहित बनेका छौं । छलफलका क्रममा उठेका प्रश्नहरु तथा यहाँहरुबाट उठाइएको जिज्ञासाहरुको एकमुष्ठ रुपमा प्रत्युत्तर दिने प्रयास गर्दछु ।

हालै भएको जेन जी आन्दोलन र सोबाट उत्पन्न राजनितिक परिवर्तनबाट आउनसक्ने जोखिमलाई मध्यनजर गर्दै शेयरधनीबाट प्राप्त जिज्ञासाका सम्बन्धमा, कम्पनीले Political Risk र Event Risk बाट बच्न र यसलाई न्यून गर्न निम्ति जोखिम व्यवस्थापन, कर्जा व्यवस्थापन र असुली व्यवस्थापनलाई समन्वयात्मक भूमिकाका निम्ति आवश्यक व्यवस्था मिलाउने छौं ।

त्यसैगरी, घट्दो ब्याजदर र कर्जा जोखिम व्यवस्थापनका निम्ति कम्पनीले विभिन्न रणनीतिहरु अपनाएको छ । खासगरी, कर्जा वृद्धि र कर्जा जोखिम व्यवस्थापनका निम्ति कर्जा प्रवाह गर्नुअघिको कर्जा विश्लेषणलाई अझ सुदृढ बनाउने, खराब कर्जा व्यवस्थापनमा सक्रिय रही आधुनिक प्रविधिको उच्चतम उपयोगलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ । त्यसैगरी घट्दो ब्याजदरका कारण संस्थाको मुनाफा समेत घटेको हुँदा खर्चमा मितव्ययिता अपनाउने, सेवा विस्तारमा विविधिकरण गर्ने र नवीनतम सेवाहरुको शुरुवात गर्ने रणनिति अगाडी बढाइएको छ ।

कर्जा विस्तार आजको निम्ति ज्यादै चुनौतिपूर्ण बन्दै गएको हुँदा कर्जा विस्तारका नयाँ क्षेत्रहरुको पहिचान गर्दै उत्पादनशील क्षेत्रमा लगानीलाई प्राथमिकता दिने योजना बनाइएको छ । साथै, आधुनिक प्रविधिको उपयोग गर्दै कर्जा प्रक्रियालाई अझै सरलीकृत र सहज बनाउने उद्देश्य लिएका छौं ।

बैंकिङ सेवाले विद्युतीय युगमा प्रवेश गरेपश्चात ग्राहकहरुको संख्यामा प्रभाव पारेको देखिन्छ । यसका कारण वित्तीय पहुँच विस्तार भएको छ भने कारोबार गर्न वित्तीय संस्थाका शाखा वा काउन्टरमा आउने ग्राहकहरुको संख्यामा कमी आएको छ । युवा तथा प्रविधिसँग परिचित ग्राहकहरुको संख्यामा समेत वृद्धि देखिएको हुँदा Cross Selling को अवसर पनि रहेको छ । प्रविधिको उपयोगबाट वित्तीय संस्थाको कारोबार लागतमा समेत कमी आएको छ । शाखा सञ्जाल विस्तारमा होस वा शाखामा दैनिक कार्यसञ्चालन, डिजीटल बैंकिङका कारण खर्चमा मितव्ययिता आएको पाइएको छ । प्रविधिका कारण कतिपय कारोबारहरु स्वसञ्चालित हुने भएकोले कम समयमा विश्वसनीय सेवा प्रवाह गर्नसक्ने अवस्था रहेको छ ।

कोषको लागत (Cost of Fund) मा बचत तथा चालू खाताको अनुपात २६.६ प्रतिशत मात्र रहेको हुँदा कम्पनीले सकेसम्म बचत खाता वृद्धि गर्नेतर्फ ध्यान दिएको छ । संस्थाले कम लागतको चालू खाता र व्यक्तिगत बचत खाता वृद्धिलाई प्राथमिकता दिएको तथा यसका निम्ति सम्पूर्ण कर्मचारीहरुलाई प्रोत्साहित गरिएको छ ।

कम्पनीका वित्तीय सूचकहरुमा सुधार आएतापनि विगत वर्षको ठूलो नोक्सानीका कारण Retained Earning नकारात्मक नै रहेको हुँदा अझै केही वर्ष लाभांशको सम्भावना नरहेको व्यहोरा शेयरधनी महानुभावहरुमा जानकारी गराउँछु । गैर बैंकिङ सम्पत्तिको बढदै गएको, मुलुकमा आर्थिक गतिविधिको शिथिलताका कारण कर्जा प्रवाह अपेक्षाकृत वृद्धि हुन नसकेको जस्ता कारणहरुले लाभांश दिनसक्ने अवस्था नरहेको देखिन्छ । तथापि, हामी गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका निम्ति अथक प्रयास गरिरहेको हुँदा यहाँहरुको साथ र सहयोगबाट यथाशक्य छिटो लाभांश दिनसक्ने अवस्थामा पुग्ने विश्वास गरेका छौं ।

Progressive Finance Limited

Retained Earning नकारात्मक रहेका कारण यस वित्तीय संस्थाको न्यूनतम पूँजी कोषमा दबाव पर्न गई कर्जा वृद्धि आशातित रुपमा वृद्धि गर्न नसकेको अवस्था पनि यहाँहरु समक्ष जानकारी गराउँछु । यसका निम्ति विभिन्न वित्तीय उपकरणहरु प्रयोग गरी २० देखि ५० प्रतिशतसम्म पूँजी वृद्धि गर्ने योजना अगाडी बढाउन छलफल समेत गरिएको छ । शेयरधनीहरुबाट यसका निम्ति समेत उपयुक्त सुझाव तथा सल्लाहको अपेक्षा गर्दछु ।

नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दैआएका छौं । यस वित्तीय संस्थाका शाखाहरु स्थापना भएका क्षेत्र तथा प्रदेशहरुमा यसप्रकारका क्रियाकलापहरु सञ्चालन गरिरहेको हुँदा कुनै एक क्षेत्र वा प्रदेशमा मात्र केन्द्रित नभएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

कर्मचारीहरु संस्थाका सम्पत्ति हुन । उनिहरुको वृत्ति विकास र क्षमता अभिवृद्धिमा हामी सदैव तत्पर रहेका छौं । कर्मचारीहरुलाई दिइने तालिमहरुको वार्षिक योजना बनाइएको छ र सोहि अनुरुप आवश्यकता अनुसार तालिम तथा अभिमुखिकरण सञ्चालन गर्दैआइरहेको व्यहोरा जानकारी गराउँछु ।

शेयरधनीहरुले उठाउनुभएका जिज्ञाशालाई एकमुष्ठ रुपमा मैले सम्बोधन गरेको छु । यसबाहेक यहाँहरुबाट प्राप्त शाखाहरुलाई सुशासन र वित्तीय रुपमा अनुशासित बनाई नाफामूलक हुनुपर्ने, जोखिम र कर्जा संरचनाहरु स्वस्थ एवं समस्याहरुबाट मुक्त हुनुपर्ने, प्रति कर्मचारी व्यवसायिक आम्दानीमा सुधार हुनुपर्ने, साना तथा मध्यम व्यवसायका निम्ति सरल र सस्तो कर्जा योजना विस्तार गर्नुपर्ने, डिजीटल कर्जा प्रक्रिया छिटो र पारदर्शी बनाउनुपर्ने, खराब कर्जा घटाउन कडा अनुगमन प्रणाली लागू गर्नुपर्ने, खर्चमा मितव्ययिता अपनाउनुपर्ने, जस्ता सुझावहरु ज्यादै महत्वपूर्ण र यस संस्थाका निम्ति मार्गदर्शक रहेका छन् ।

चुनौतिका रुपमा रहेको असुली प्रक्रियालाई चुस्त बनाउनुपर्ने, लगानीकर्ताहरुलाई लगानीको वातावरण नभएको हुँदा पूँजी पलायन हुने जोखिम देखिन्छ र अझै दुइ तीन वर्ष बैंक तथा वित्तीय संस्थाहरुमा समस्या देखिने सम्भावना रहेकोले यसतर्फ सचेत रहन गरिएको आग्रहबाट पनि यहाँहरुको यस संस्था प्रतिको सदाशयता प्रष्ट देखिन्छ ।

यहाँहरुको जिज्ञासा र अमुल्य सुझावहरुका निम्ति पुन: कृतज्ञता व्यक्त गर्दै यहाँहरुका जिज्ञासाहरुको उचित सम्बोधन भएको विश्वास गर्दछु ।

**१२. बार्षिक साधारण सभाका निर्णयहरु :**

**(क) <u>सामान्य प्रस्तावहरु</u> :**

**१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८२को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. संस्थाको आ.व. ०८१/०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, यससँग सम्बन्धित अनुसूची लगायत लेखा सम्बन्धी टिप्पणी आदि विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरीक्षकको आ.व.०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।



Progressive Finance Ltd.

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८२/८३ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको मिति २०८२ पौष ८ गते बसेको १५२औं बैठक तथा मिति २०८२ पौष ८ गते बसेको सञ्चालक समितिको ५५०औं बैठकबाट सिफारिस भएअनुसार डी.जी. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई नियुक्त गर्ने तथा लेखापरीक्षण तथा कर परीक्षण बापत निजको पारिश्रमिक कर बाहेक रु. ५,००,०००।- (रुपैयाँ पाँच लाख मात्र) निर्धारण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**४. विविध**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गर्नुपर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको ।

**(ख) विशेष प्रस्तावहरु :**

**१. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।**

प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा अध्यक्षज्यूबाट प्रस्ताव पेश भएकोमा प्रबन्धपत्र तथा नियमावलीको यस साधारण सभाबाट स्वीकृत गरिएको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**(ग) विविध :**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गर्नुपर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको ।

**<u>धन्यवाद ज्ञापन तथा साधारण सभा समापन</u> :**

यस २९औं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा सभाध्यक्ष श्री लक्ष्मी प्रसाद महर्जनले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका लागि आभार प्रकट गर्नुभयो । साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, वित्तीय संस्था सञ्चालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन सहित साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

रुबिश श्रेष्ठ
कम्पनी सचिव

संस्थाको छाप : Progressive Finance Ltd. 2051

लक्ष्मी प्रसाद महर्जन
अध्यक्ष

मिति : २०८२ पौष ३० गते बुधबार